## नगर उपप्रमुख श्री इन्दिरा चौधरी ज्यूले नगरसभाको १९ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको बाँसगढी नगरपालिकाको

## आ. व. २०८३/०८४

## को

# बार्षिक बजेट तथा कार्यक्रम

## बाँसगढी नगरपालिका

## वि .स.२०८३ आषाढ १० गते,बुधवार

**सम्मानित सभा अध्यक्ष ज्यू,**

**सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा आम जनसमुदाय ।**

सर्वप्रथम विभिन्न आन्दोलन तथा संघर्षमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते, अपाङ्ग, शहिद तथा बेपत्ता परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस अवसरमा मलाई बाँसगढी नगरपालिकाको उपप्रमुखको हैसियतले नगरसभाको उनाइसौ अधिवेशनको दोस्रो बैठकमा आगामी आर्थिक बर्ष २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा गर्वको अनुभुति भएको छ।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात चार वर्ष जनताको सेवामा समर्पित भई नागरिकको अपेक्षाहरु स्थानीय सरकारले पुरा गर्ने पद्धतिको स्थापना भई यसलाई संघीय लोकतान्त्रिक गणतन्त्रको अवसरको रुपमा लिएको छु ।

शिक्षा, पूर्वाधार, स्वास्थ्य, कृषि तथा पशुपंक्षी विकास, रोजगार तथा उद्यमशिलता विकास, वन, वातावरण तथा विपद् ब्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा प्राथमिकता हुने गरी स्वीकृत भएको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमका आधारमा संघीय सरकार, प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही दिगो विकास, सुशासन र मानवीय पूँजी निर्माण सहितको आर्थिक समृद्धि र न्यायपूर्ण समाज निर्माणमा उत्पादनमूखी र नतिजामूखी शासकीय प्रणालीलाई सुदृढ गर्ने गरी आर्थिक बर्ष २०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम पेश गरेको छु ।

**सभा अध्यक्षज्यू,**

संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धीको रुपमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएको क्षेत्र, वर्ग, समुदाय,अल्प सङ्ख्यक, खस-आर्य साथै श्रमजीवि वर्गका नागरिकहरुको समानुपातिक सहभागिता सुनिश्चित भएको छ । मलाई थाहा छ, गरिबीको रेखामुनी रहेका आम नागरिकको पिडा, त्यसैले नागरिक तहबाट महसुस गर्ने र नजिकको सरकारको अनुभूति दिलाउन विकास, सूशासन र सेवा प्रवाहका क्षेत्रमा नागरिकको सहभागिता वृद्धि गर्न  स्थानीय सरकार सदैव प्रतिवद्ध रहेको छ ।

**"सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर"** भन्ने सोचलाई यथार्थमा परिणत गर्न अन्तर-तह तथा अन्तर निकाय समन्वय र सहकार्य गर्दै गैर सरकारी संघसंस्था, निजी र सहकारी क्षेत्र समेतलाई परिचालन गरी उपलब्ध स्रोत, साधन र क्षमताको अधिकतम उपयोग गर्ने लक्ष्य, उद्देश्य र रणनीति बमोजिम प्रस्तुत बजेट तथा कार्यक्रम प्रस्तुत तयार गरेको छु ।

**सभा अध्यक्ष महोदय**,

चालु आर्थिक वर्षको संशोधित आय अनुमान **रु. ८७ करोड ९५ लाख** भएकोमा हालसम्म **रु. ६० करोड ७३ लाख** खर्च भई **६९ प्रतिशत** प्रगति हासिल भएको छ । यस आर्थिक वर्षको हालसम्म चालु तर्फ संशोधित विनियोजन **रु. ५० करोड २ लाख** रहेकोमा खर्च **रु. ४२ करोड १५ लाख** भई **८४ प्रतिशत** प्रगति भएको छ । चालु आर्थिक वर्षमा पूँजीगत तर्फ संशोधित विनियोजन **रु. ३७ करोड ९२ लाख** भएकोमा हालसम्म **रु. १८ करोड ५८ लाख** अर्थात **४९ प्रतिशत** खर्च भएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म उल्लेखित खर्चबाट यस अवधिमा भएका मुख्य -मुख्य उपलब्धिहरु पेश गर्दछु ।

**शिक्षा,युवा तथा खेलकुद तर्फ**

बाँसगढी नगरपालिकाभित्र हाल सामुदायिक **३९**, धार्मिक **१** र संस्थागत **१६** गरी कुल **५६** विद्यालयहरु संचालनमा रहेका छन् । शैक्षिक सत्र २०८२ मा बाल विकासदेखि कक्षा १२ सम्म सामुदायिक विद्यालय तर्फ **१० हजार ३७६ जना**, संस्थागत विद्यालय तर्फ **५ हजार ९९९ जना** गरी कुल **१६ हजार ३७५ जना** विद्यार्थीहरु अध्ययन गरेका थिए । बाँसगढी नगरपालिकाको शैक्षिक सत्र २०८२ मा बाल विकास कक्षाको कुल भर्नादर **१०६ प्रतिशत**, बाल विकास केन्द्रको खुद भर्नादर ९८ प्रतिशत रहेको छ । बाँसगढी नगरपालिकाको कक्षा १ को कुल भर्नादर **१०५ प्रतिशत** र खुद भर्नादर ९५ प्रतिशत रहेको छ । कक्षा १-५ को उत्तीर्णदर **९८ प्रतिशत**, कक्षा ६-८ को उत्तीर्णदर **९६.५ प्रतिशत**, कक्षा ९-१० को उत्तीर्णदर **९३** प्रतिशत तथा कक्षा ११-१२ को उत्तीर्णदर **८१** प्रतिशत रहेको छ । माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SEE) मा ८३.३ प्रतिशत उत्तीर्ण भई बर्दिया जिल्ला प्रथम हुन सफल भएको छ । खेलकूल विकास समिति गठन भई क्रियाशील रहेको छ । खेलकूलका विभिन्न विधाहरुमा नगरपालिकाले उत्कृष्ट नतिजा हासिल गरेको छ । जिल्लाब्यापी

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ मा २७ स्वर्ण पदक सहित बर्दिया जिल्ला प्रथम हुन सफल भएको छ । **बाँसगढीका खेलाडीः सधै अगाडि** भन्ने नाराले सार्थकता पाएकोछ ।

**स्वास्थ्य तर्फ**

बाँसगढी नगरपालिका अन्तर्गत १ नगर अस्पताल, २ स्वास्थ्य चौकी, ६ आधारभूत स्वास्थ्य केन्द्र र ३ सहरी स्वास्थ्य केन्द्र, १५ गाउँघर क्लिनिक र २५ वटा खोप केन्द्रबाट आधारभूत स्वास्थ्य सेवाहरु प्रवाह भइरहेको छ । **१०३** जना सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ । नगर अस्पतालबाट निशुल्क रुपमा सिकेलसेल जाँच तथा उपचार सेवा प्रारम्भ गरिएको छ । स्वास्थ्य बीमा कार्यक्रम सुरु गरिएको छ । नेपालगंज मेडिकल कलेज लगायत सरकारी तथा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा विशेषज्ञ सेवा प्रारम्भ गरिएको छ । यसबाट जेष्ठ नागरिक, महिला, बालबालिका लगायत करिव २५००० नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । नगर अस्पतालमा डाक्टर सहितको आकस्मिक तथा नियमित सेवा प्रदान गरिएको छ । मानसिक स्वास्थ्य र आयुर्वेद स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । पूर्ण खोप सुनिश्चितताका लागि सबै प्रकारका खोप अभियानहरु सघनरुपमा संचालन भएका छन् । नि:शुल्क औषधी आपूर्ति कार्यलाई सहज बनाइएको छ । गुणस्तरीय प्रयोगशाला र निदानका लागि आधुनिक एक्सरे, भिडियो एक्सरे लगायतका स्वास्थ्य उपकरणहरु आपुर्ति कार्य सम्पन्न भएको छ । १५ शैयाको आधारभूत नगर अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । घुम्ति स्वास्थ्य सेवा मार्फत जनस्वास्थ प्रबर्द्धन कार्यक्रम प्रारम्भ गरिएको छ ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण तर्फ**

**छोरी वचत कार्यक्रम** मार्फत हाल सम्म **८४५ जना** छोरीहरु लाभान्वित भएका छन् । २१ जना जेष्ठ नागरिक र ८७ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण गरिएको छ । वरघर, युवा संजाल, बाल संजाल, महिला संजाल लगायत विभिन्न संघसंस्था र राष्ट्रिय कलाकारहरुको सहकार्यमा बालविवाह, लैङ्गिक हिंसा तथा लागू पदार्थ दुर्व्यशनि न्यूनिकरणका लागि महोत्सव तथा सडक नाटक मार्फत जनचेतनामुलक अभियान संचालन गरिएको छ । दलित तथा महिला उद्यमशिलता, सशक्तिकरण र सिप विकासका कार्यक्रमहरु कार्यान्वयनमा आई नेतृत्व विकास र उद्यमशिलता प्रवर्धन भएको छ । अनौपचारिक क्षेत्रमा काम गर्ने द्वन्द पिडित तथा श्रमिक महिलाहरुको लागि निशुल्क बीमा कार्यक्रम अगाडि बढाइएको छ ।

**खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापन तर्फ**

बाँसगढी नगरपालिकामा सरसफाई केन्द्र स्थापना गरी नगरका बजार क्षेत्रबाट फोहोर ब्यवस्थापन सम्बन्धी कार्य नियमित रुपमा भइरहेको छ । १४ वटा टोललाई पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल घोषणा गरिएको छ । शुद्ध खानेपानीका ५० वटा बायोसेन्ड फिल्टर वितरण भएका छन् । सुरक्षित तथा आधारभूत खानेपानी सुनिश्चितताको लागि संघ, प्रदेश र साझेदारहरुको सहकार्यमा खानेपानी आयोजनाहरुको संचालन तथा ब्यवस्थापन भएको छ । खानेपानी परीक्षण प्रयोगशाला संचालनमा आई ३०० घरधुरी, सामुदायिक विद्यालय, खानेपानी आयोजना तथा अन्य सरकारी निकायहरुको खानेपानीको गुणस्तर परीक्षण गरिएको छ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

चालु आर्थिक बर्षको हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही संख्या **६ हजार ५ सय २** रहेको र तेस्रो त्रैमासिक सम्ममा निजहरुलाई **रु. १८ करोड ७६ लाख २५ हजार** बितरण गरिसकिएको छ । मृगौला तथा असाध्य रोगीहरुलाइ दिइने मासिक उपचार खर्च **९५** जनाले प्राप्त गरेकाछन् ।यस अवधिमा कुल **२४९९** ब्यक्तिगत घटना दर्ता भएका छन्।

**पूर्वाधार विकास तर्फ**

बाँसगढी नगरपालिकाभित्र चालु आर्थिक बर्षको जेठ मसान्तसम्म सडक कालोपत्रे **४६ किलो मिटर**, सडक ग्राभेल **४ किलो मिटर**, सडक स्तरोन्नती **३२ किलो मिटर** निर्माण भएको छ । RCC नाली ३८८ मिटर निर्माण सम्पन्न भएको छ । मदन स्मृति खुला ब्यायामशाला निर्माण सम्पन्न भएको छ । मानव र वन्यजन्तु विचको द्वन्द न्यूनिकरणका लागि **७ किलो मिटर** तारजाली जडान भएको छ । विद्यालय भवन २, स्वास्थ्य भवन २, सामुदायिक भवन २, वडा कार्यालय भवन १ निर्माण सम्पन्न भएको छ । सिंचाइका लागि **७** स्यालो ट्यूववेल जडान सम्मन्न भएको छ । एक वडा एक गौरवका आयोजना अन्तर्गत १३ वटा रणनीतिक सडक तथा पुल निर्माण

प्रारम्भ भएका छन् । ३ वटा रुग्न आयोजना सम्पन्न भएका छन् । सम्झौता बमोजिम कार्य नगर्ने निर्माण ब्यवसायीलाई कारवाही गरी पुन: बोलपत्र मार्फत कार्य अगाडि बढाइएको छ ।

**कृषि विकास तर्फ**

५० प्रतिशत अनुदानमा मिनिटिलर खरिद तथा वितरण कार्य अन्तिम चरणमा पुगेको छ । जसबाट ३०० किसान प्रत्यक्ष लाभान्वित हुनेछन । कृषि वीमालाई निशुल्क गरिएको छ । लक्षित वर्गलाई उन्नत जातका गहुँको बिउ वितरण कार्यक्रमबाट १६६ जना कृषक लाभान्वित भएकाछन् । च्याउ तथा आलु खेती प्रबर्धन कार्यक्रम संचालन गरिएको छ । माटो परीक्षण प्रयोगशाला संचालनमा ल्याई घुम्ति शिविर मार्फत करिव ७ हजार किसानलाई प्राविधिक सेवा उपलब्ध गराईएको छ । किसान सूचिकरणको कार्य सम्पन्न भएको छ । किसान डायरी वितरण गरिएको छ ।

**पशुपंक्षी तथा मत्स्य विकास तर्फ**

पशुधन जोखिम न्यूनिकरणका लागि पशु वीमा कार्यक्रम मार्फत ३७२३ पशुहरुको वीमा वापत ३७ लाख प्रिमियम भुक्तानी गरिएको छ । जसबाट पशुपालक कृषकहरुलाई करिब ३ करोड ५० लाख बराबरको क्षतिपूर्ति प्राप्त गरेका छन । **उत्पादन साथमा अनुदान हातमा** कार्यक्रम अन्तर्गत पशु सुत्केरी पोषण सुधारका लागि रु. २००० का दरले १३२० सुत्केरी भैसी र गाई को सुत्केरी पोषण भत्ता वापत २६ लाख ४० हजार उपलब्ध गराइएको छ । ४०५० केजी हिउदे तथा बर्षे घाँसको विउ वितरण गरिएको छ । आकस्मिक पशुपंक्षी उपचारका लागि औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइएको छ ।

**सहकारी तथा भूमि ब्यवस्थापन तर्फ**

सहकारीहरुको समन्वय, सहकार्य र नियमन सहजताका लागि नगरस्तरीय सहकारी संजाल गठन भई सञ्चालनमा आएको छ । सहकारी क्षेत्रको नियमित अनुगमन तथा नियमन गरिएको छ । जग्गा मुल्यांकन तथा वर्गिकरणका लागि भूउपयोग योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । **८२००** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीलाई निस्सा वितरण गरी नगरपालिकास्तरको नापनक्साको कार्य सम्पन्न भएको छ । १३ जना भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको छ ।

**श्रम, रोजगार तथा उद्यम विकास तर्फ**

बृहत युवा सम्मेलन आयोजना गरी नगर रोजगार रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा गएको छ । युवा तथा महिलाहरुको लागि उद्यमशिलता, सीप विकास, प्रविधि हस्तान्तरण र पुनर्ताजकी कार्यक्रमहरु संचालन गरिएका छन् । युवाहरुका लागि रोजगार तथा स्वरोजगारमूलक लोकसेवा आयोग तयारी कक्षा, शिक्षक सेवा आयोग तयारी कक्षा, ब्यूटिपार्लर, कटाइसिलाई र युवाहरुलाई ३९० घण्टा इलेक्ट्रिकल तथा एसी फ्रिज मर्मत तालिम समेत गरी २८५ जना युवाहरुलाई सिप तथा ज्ञान प्रदान गरिएको छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

चालु आर्थिक बर्षको जेठ मसान्तसम्म **९३** परिवारलाई राहत तथा आर्थिक सहायता वितरण गरिएको छ । नगरपालिका भित्र **६०००** भन्दा बढी फलफुल तथा विरुवा रोपिएको छ । उद्धार तथा आकस्मिक सेवाकालागि दमकल , एम्बुलेन्स र ब्याकहो लोडर सेवा संचालन गरिएको छ ।

**सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

१०५ जना कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम भएको छ । वडा सचिव तथा अन्य कर्मचारीहरुलाई डिजिटल साक्षरता, व्यक्तिगत घटनादर्ता तथा सेवा प्रवाहका सम्बन्धमा अभिमुखीकरण गरिएको छ । हाल सम्म **३५,४५०** जना सेवाग्राहीलाई प्रत्यक्ष सेवा प्रवाह गरिएको छ । चौमासिक सार्वजनिक सुनुवाई तथा प्रगति समिक्षा सम्पन्न भएका छन् । लोकल डेटा सेन्टर स्थापना गरी डिजिटल बाँसगढी मार्फत ई-शासन प्रणाली कार्यान्वयनमा ल्याईएको छ । नगरपालिका तथा मातहतका कार्यालयहरुमा ई-हाजिरी कार्यान्वयन गरिएको छ । स्थानीय तह कार्यासम्पादन मूल्याङ्कनमा ८४ अंक सहित उत्कृष्ट अंक प्राप्त गर्ने पालिकाको सूचिमा पर्न गएकोछ । आर्थिक बर्ष २०८१/०८२ मा ०.३ प्रतिशत न्यून वेरुजु भई जिल्लामा दोस्रो कम बेरुजु हुने पालिका भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मुल्यांकनमा ७१ अंक सहित उत्कृष्ट अंक प्राप्त गरेको छ ।

## न्यायिक कार्यसम्पादन तर्फ

चालु आर्थिक बर्षमा न्यायिक समितिबाट २३ उजुरी फछ्र्यौट भएका छन् । मेलमिलापकर्ता र न्यायिक समिति सदस्यहरुलाई क्षमता बिकास र मानब अधिकार सम्बन्धी तालिम प्रदान गरिएको छ । अन्तरपालिका असल अभ्यास आदान प्रदान मार्फत विवाद निरुपण र मेलमिलापको ज्ञान , सीप र कला हाँसिल भएकोछ ।

**सभा अध्यक्ष महोदय**,

अव म उल्लेखित प्रगति हासिल गर्ने क्रममा भोगिएका मुख्य मुख्य समस्या तथा चुनौतिहरु प्रस्तुत गर्दछु ।

- उच्च मुल्यबृद्धिका कारण सार्वजनिक निर्माण आपूर्ति प्रणाली देखिएको असहज परिस्थितिका कारण राजश्व बाँडफाँड, समानीकरण अनुदान तथा आन्तरिक राजश्व तर्फ प्राप्त सिलिङ तथा अनुमान बमोजिमको रकम प्राप्त हुन नसक्नु,
- तहगत सरकारका बाँझिएका कानूनका कारण कार्यसम्पादनमा असहज हुनु,
- सार्वजनिक निर्माणलाई गुणस्तरीय र समयमै सम्पन्न गर्नु,
- असिमित जनकांक्षा र सीमित स्रोत साधन बीच तालमेल गरी अधिकतम जनसन्तुष्टी कायम गर्नु,
- विकास निर्माण र व्यवस्थापनमा अर्थपूर्ण जनसहभागीता कायम गर्नु,
- सेवा प्रदायक र सेवाग्राहीको अपेक्षा अनुसार संस्थागत क्षमता विकास गर्नु,
- जनप्रतिनीधि र कर्मचारी प्रतिको नागरिकको दृष्टिकोण सकारात्मक तुल्याउनु ।

उल्लेखित उपलब्धि, समस्या र चुनौतिका आधारमा आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम निर्माणका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान,
- संघ,प्रदेश र स्थानीय तहका आवधिक योजना,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघ,प्रदेश र स्थानीय तहका कानूनहरु,
- दिगो विकासका लक्ष्यहरु,
- बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम,
- विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव तथा नगरवासी जनताका आवश्यकता र अपेक्षा ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध अवसरलाई मनन् गर्दै स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने एवम् भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी समृद्धि हासिल गर्न आधार तयार गर्ने तर्फ यो बर्षको बजेट तथा कार्यक्रममा जोड दिएको छु । विकासको समन्यायिक वितरण गरी समावेशी विकास गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

**आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :**

- गुणस्तरीय र जीवनोपयोगी शिक्षा तथा स्वास्थ्य सेवामा आम नागरिकको समन्यायिक पहुँच सुनिश्चित गर्ने,
- सहभागितामूलक, उत्थानशील र जलवायु अनुकूलित पूर्वाधारको विकास गर्ने ,
- स्थानीय कृषि प्रणालीको आधुनीकीकरण र बजारीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,
- युवा, महिला र श्रमशक्तिको सीप विकास गरी रोजगारी र उद्यमशीलताका अवसरहरू सिर्जना गर्ने,
- सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, छरितो र सेवाग्राहीमैत्री बनाउने ।

उल्लेखित उद्देश्यहरु पुरा गर्न सम्मानित सभा समक्ष बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रमका प्राथमिकताहरु निर्धारण गरेको छु ।

- शिक्षा, स्वास्थ्य र समावेशीकरण,
- पूर्वाधार विकास,
- कृषि तथा पशुपंक्षि विकास, रोजगारी र उद्यमशीलता,
- वन, वातावरण विपद् ब्यवस्थापन र पर्यटन प्रवर्धन,

- सुशासन र संस्थागत विकास।

**सभा अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०८३/८४ का मुख्य मुख्य बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**अधुराः पहिले पुराः**

**भन्ने नीति अनुरुप एक वडा एक गौरवका** सडक तथा पुल आयोजना तर्फ रणनैतिक सडकका लागि **रु. १९ करोड ९३ लाख** विनियोजन गरेको छु। बबई सिंचाइ आयोजनाबाट सिंचित हुन नसकेका खेतियोग्य क्षेत्रमा सिंचाइ सुविधा पुर्याउन विद्युतिकरण सहितको वृहत सिंचाइ आयोजना निरन्तरताको लागि आवश्यक रकम विनियोजन गरेको छु। निर्मित संरचनाको दिगोपना र शिघ्र मर्मतका लागि मर्मत संभार कोषका लागि आवश्यक रकम विनियोजन गरेको छु। पुर्वाधार विकास साझेदारीका लागि समपुरक तर्फ **रु. २ करोड ५० लाख** विनियोजन गरेको छु। **उज्यालो नगरपालिका** कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। पुर्वाधार विकास तर्फ जम्मा **रु. २४ करोड ५ लाख** विनियोजन गरेको छु।

**मानव पुँजी निर्माणका लागि शिक्षामा लगानी :**

विद्यालय पूर्वाधार निर्माणका लागि **रु. ६१ लाख** विनियोजन गरेको छु। विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि विज्ञान विषयमा कक्षा ११ र १२ अध्ययन गर्न **नगरपालिका छात्रवृत्ति कार्यक्रमका** लागि आवश्यक रकम विनियोजन गरेको छु। हरित तथा प्रविधिमैत्री विद्यालय बनाउन रकम विनियोजन गरेको छु। नि:शुल्क तथा गुणस्तरीय शिक्षाका लागि मुख्य विषयहरुमा अतिरिक्त कक्षा संचालन, पढदै कमाउदै कार्यक्रम , संगीतमय पि. टी. तथा लेखन सुधार कार्यक्रम समेतका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यस क्षेत्रमा रहेका क्याम्पसहरुमा उच्च शिक्षा अध्ययनरत गरिव , जेहन्दार,मुक्त कमैया, कम्लहरि, द्वन्द पिडित तथा दलित विद्यार्थीहरुका लागि छात्रवृतिको व्यवस्था गरेको छु। नगर अनुदान शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि **रु. २५ लाख** विनियोजन गरेको छु। **बाँसगढीका खेलाडी सधै अगाडि कार्यक्रम** संचालन गर्न नगर खेलकूद विकास समिति तर्फ **रु. २५ लाख** विनियोजन गरेको छु। **एक वडा एक नमूना विद्यालय** कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। नगरस्तरीय खेल मैदान लगायत खेल मैदानहरुको स्तरोन्नतीका लागि आवश्यक रकम विनियोजन गरेको छु। शिक्षा, युवा, खेलकूद तर्फ **रु. ३३ करोड** विनियोजन गरेको छु।

**मेरो स्वास्थ्य : मेरो जिम्मेवारीः**

आधारभूत नगर अस्पतालका लागि भवन निर्माण, उपकरण खरिद, ब्यवस्थापन,गुणस्तरीय प्रयोगशाला र विषेशज्ञ सेवा संचालनका लागि **रु. १ करोड ४७ लाख** विनियोजन गरेको छु। सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि सामाजिक सुरक्षा कोष तर्फ **रु. ३१ लाख** विनियोजन गरेको छु। सिकलसेल एनिमिया तथा थाल्सेमियाको जाँच तथा उपचारको लागि आवश्यक रकम विनियोजन गरिएको छ। ७० बर्ष उमेर पुगेका जेष्ठ नागरिक, प्रसुति महिला तथा क वर्गका अपाङ्गता भएका ब्यक्तिका लागि घरदैलोमा निशुल्क स्वास्थ्य सेवा प्रदान गर्न Doctor At Home सहितको व्यवस्था गरी जनस्वास्थ्य प्रबर्धन कार्यक्रमका लागि रकम विनियोजन गरेको छु। जेष्ठ नागरिक, प्रसुति महिला तथा क वर्गका अपाङ्गता भएका ब्यक्तिका लागि निशुल्क एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु। पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल तथा पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा र नि:शुल्क औषधी ब्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु। खाद्य सुरक्षा र पोषणका लागि आवश्यक रकम विनियोजन गरेको छु। योग, ध्यान र प्राकृतिक तथा बैकल्पिक चिकित्साका लागि आवश्यक रकम विनियोजन गरेको छु। बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु। स्वास्थ्य तथा सरसफाई तर्फ **रु. ६ करोड ५ लाख** रकम विनियोजन गरेको छु।

**बाँसगढीको माटोः समृद्धिको बाटोः**

कृषि उत्पादनमा प्रति एकाई लागत घटाई आधुनिकरण र ब्यवसायिकरण गर्न ५० प्रतिशत अनुदानमा मिनि टिलर हस्तान्तरण कार्यक्रमका लागि **रु. ८६ लाख** विनियोजन गरेको छु। गहुँ, मकै, आलु, च्याउ को बिउमा अनुदान तथा कृषि वीमाको लागि आवश्यक रकम विनियोजन गरेको छु। **उत्पादन साथमा अनुदान हातमा** कार्यक्रम अन्तरगत कृषि तथा पशुपंक्षी उत्पादक किसानलाई प्रोत्साहन गर्न **रु. ३९ लाख** विनियोजन गरेको छु। पशुपंक्षी उपचार तथा किट जन्य माहामारी रोग नियन्त्रणका लागि आवश्यक रकम विनियोजन

गरेको छु । **अर्गानिक उत्पादनमा बाँसगढी** कार्यक्रमका लागि जैविक मल कारखाना र गौशाला व्यवस्थापन कार्यका लागि **रु. ६७ लाख** विनियोजन गरेको छु । कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक विउ विजन सुदृढीकरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । सुत्केरी पशु पोषण कार्यक्रमलाई निरन्तरता दिन **रु. २० लाख** विनियोजन गरेको छु । बाख्रा प्रवर्धन कार्यक्रम, गोठ / खोर सुधार कार्यक्रम तथा गाईभैसी स्रोत केन्द्र कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । ५० प्रतिशत साझेदारीमा मागमा आधारीत साना सिंचाई कार्यक्रमका लागि **रु. १५ लाख** विनियोजन गरेको छु । पर्यटन प्रवर्धन तथा सहकारी विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु । कृषि तथा पशुपंक्षी विकास कार्यक्रम तर्फ **रु. ३ करोड १४ लाख** विनियोजन गरेको छु ।

**"सामाजिक न्याय र समावेशीकणका लागि स्थानीय सरकार"**

बरघर, यूवा , महिला , विभिन्न संघ संस्था र क्षेत्रको सहकार्यमा बालविवाह, लागुऔषध दुर्व्यसनी, लैङ्गिक हिंसा लगायतका सामाजिक विकृति विरुद्धका अभियान संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । **आत्मनिर्भर छोरी**का लागि एक छोरी एक बैक खाता कार्यक्रमलाई निरन्तरता दिएको छु । विपन्न दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, अल्पसंख्यक, सिमान्तकृत, यौनिक तथा अल्पसंख्यक लक्षित कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । अनौपचारिक तथा जोखिमयुक्त क्षेत्रका श्रमिक तथा द्वन्द पिडित महिलाहरुका लागि निशुल्क जीवन वीमा कार्यक्रम तर्फ आवश्यक रकम विनियोजन गरेको छु । सडक मानव मुक्त पालिका निर्माण, सामाजिक न्याय र मानवअधिकार प्रबर्द्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु । संघ, प्रदेश र विभिन्न साझेदार संस्थाहरुको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । स्थानीय भाषा, परम्परागत सीप, कला, संस्कृति, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदा संरक्षणका लागि आवश्यक रकम विनियोजन गरेको छु । जेष्ठ नागरिक चौतारी तथा सम्मान कार्यक्रमका लागि रकम विनियोजन गरेको छु । महिला, बालबालिका, जेष्ठ नागरिक र समावेशीकरण तर्फ **रु ८६ लाख** विनियोजन गरेको छु ।

**बाँसगढीका युवा र महिला: उद्यमशिलतामा पहिला**

नवप्रर्वतनकारी उद्यमशिलता प्रवर्द्धन गर्न व्यवसायिक योजना प्रस्तावका आधारमा स्टार्ट अप सहयोगका लागि रकम विनियोजन गरेको छु । रोजगारमुलक र व्यवसायमुलक तालिम मार्फत युवा तथा साना उद्यमीहरुका लागि सीप, प्रविधि र ब्यवसायिकता विकास गरी रोजगार तथा स्वरोजगारका अवसर सृजना गर्न **रु. ५२ लाख** विनियोजन गरेको छु ।

**सुन्दर सफा गाउँ सहर : बाँसगढी बासीको रहर**

Green and Clean बाँसगढीका लागि फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु । साझेदारीमा स्वच्छ चुलो कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु । पूर्व अनुमानमा आधारित विपद् पूर्व तयारी, प्रतिकार्य तथा विपद् जोखिम न्यूनिकरणका लागि रकम विनियोजन गरेको छु । संघीय सरकार विशेष अनुदान समेत गरी मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि **रु. १ करोड ८५ लाख** रकम विनियोजन गरेको छु । वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ **रु. २ करोड १५ लाख** विनियोजन गरेको छु ।

**प्रविधिमैत्री र पारदर्शी प्रशासन : सेवा प्रवाहमा सुशासन**

संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि जनशक्ति, जनप्रतिनिधी र जनसहभागिताको विकास गरी स्थानीय सरकार र जनताबीचको सम्बन्ध सुमधुर बनाउन क्षमता विकास तथा असल अभ्यास आदान प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । **समृद्ध बाँसगढीका लागि साझा योगदान** भन्ने मान्यतालाई कार्यान्वियन गर्न करदाता शिक्षा र वित्तीय साक्षरता कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । स्थानीय उत्पादनको बजारीकरण र प्रवर्धन गर्न हाटबजार ब्यवस्थापन कार्यक्रमलाइ रकम विनियोजन गरेको छु । विकास र सेवा प्रवाहका विषयमा जनगुनासो तथा सुझाव प्राप्त गर्न र असल अभ्यासहरुको उजागर गर्न **स्वत:प्रकाशन, सार्वजनिक सुनुवाई, प्रगति समीक्षा, सामाजिक परीक्षण** गर्न रकम विनियोजन गरिएको छ । **हाम्रो पालिका : राम्रो पालिका** कार्यक्रम संचालन गर्न संचार संस्थाहरुसँगको साझेदारीमा सूचना तथा संचार कार्यक्रमको लागि रकम विनियोजन गरेको छु । ई-शासन/डिजिटल बाँसगढी कार्यान्वयन तथा सेवा प्रवाह सहजिकरणका लागि एआई च्याटबट लगायत सूचना प्रणालीका

नविनतम औजारहरु प्रयोग गर्न रकम विनियोजन गरेको छु । मेलमिलाप तथा न्यायिक निरुपणलाई सुव्यवस्थित गर्न न्यायिक समिति संचालन तथा व्यवस्थापनका लागि रु. **१० लाख** विनियोजन गरेको छु । भूमि प्रशासन तथा करदाता सेवा संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । लामो सयमदेखि बाँसगढी बजार क्षेत्रका जग्गा धनीहरुको राजमार्गमा परेको जग्गाको लगत कट्टा नहुँदा परेको समस्या समाधानका लागि आवश्यक रकम विनियोजन गरेको छु । राष्ट्रसेवक कर्मचारी तथा शिक्षकको मनोबल, कार्यसम्पादन क्षमता तथा उत्पादकत्व तथा सेवा प्रवाहको गुणस्तर अभिबृद्धि गरी प्रचलित कानून, आन्तरिक स्रोतको अवस्था, न्यूनतम मापदण्ड, संघ तथा प्रदेश सरकारले तोकेको तलवमान तथा सेवा सुविधा कार्यान्वयन गर्न तलब बृद्धि गर्न आवश्यक रकम विनियोजन गरेको छु । संचित कोषबाट पारिश्रमिक भुक्तानी हुने सेवा करार तर्फका कर्मचारी तथा शिक्षकहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि **रु. ८५ लाख** विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।८४ को आय तथा व्यय अनुमान पेश गर्दछु ।

चालु तर्फ संघीय सरकारको **रु. ३१ करोड २३ लाख**, प्रदेश सरकारको **रु. १५ लाख** र नगरपालिका तर्फको **रु. २० करोड ९७ लाख सहित रु. ५२ करोड ३५ लाख ६५ हजार** कुल विनियोजनको **५८.८८ प्रतिशत** विनियोजन गरेको छु । पुँजीगत तर्फ संघीय सरकारको **रु. ३ करोड १ लाख**, प्रदेश सरकारको रु. **२ करोड ३० लाख** र नगरपालिका तर्फ **रु. ३१ करोड २५ लाख ४३ हजार** गरी जम्मा **रु. ३६ करोड ५६ लाख ४३ हजार कुल विनियोजनको ४१. १२ प्रतिशत** विनियोजन गरेको छु । कुल जम्मा रु. **८८ करोड ९२ लाख ८ हजार** व्यय अनुमान गरेको छु ।

कर्मचारीको तलव तथा प्रोत्साहन बृद्धि गर्नुपर्ने अवस्था, योगदानमा आधारित सामाजिक सुरक्षाका लागि सृजित दायित्वको दवाब, न्युन आन्तरिक स्रोत, भूमि, करदाता तथा अन्य सेवा विस्तार, विशेषज्ञ सहितको स्वास्थ्य सेवा विस्तार लगाएतका चालु खर्चको दायरा बृद्धिहुँदा समेत सञ्चालन खर्च तर्फ उल्लेख्य कटौति गरी प्रशासनिक खर्चलाई वान्छित सीमाभित्र कायम गरेको छु । प्रशासनिक खर्च तर्फ **रु.१३ करोड ९९ लाख ८ हजार** कुल विनियोजनको **१५.७३ प्रतिशत** मात्र विनियोजन गरेको छु ।

उल्लेखित कुल व्ययका लागि संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान **रु. १६ करोड १ लाख**, शसर्त अनुदान **रु. ३१ करोड ७९ लाख**, समपुरक अनुदान **रु. ७० लाख,** विशेष अनुदान **रु. १ करोड ७५ लाख** र राजस्व बाँडफाँड **रु. १५ करोड १० लाख** गरी जम्मा रु. **६५ करोड ३५ लाख**, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान **रु. १ करोड ९ लाख ४४ हजार**, सशर्त अनुदान रु. **१ करोड २५ लाख**, समपुरक अनुदान **रु. १ करोड २० लाख,** विशेष अनुदान **रु. २० लाख** र राजस्व बाँडफाँड **रु.१ करोड ९४ लाख ७ हजार** गरी जम्मा **रु. ५ करोड ६८ लाख ५१ हजार** र रोयल्टी बाँडफाँटबाट **रु. ५० लाख**, घरजग्गा रजिष्ट्रेशन तर्फ रु. **१ करोड ६० लाख,** चालु आर्थिक बर्षको अनुमानित मौज्दात **रु. ११ करोड २८ लाख ५७ हजार** र आन्तरिक राजश्व **रु. ४ करोड ५० लाख** गरी जम्मा **रु. १७ करोड ८८ लाख ५७ हजार समेत कुल रु. ८८ करोड ९२ लाख ८ हजार** आय अनुमान गरेको छु ।

अर्थतन्त्रमा आएको उच्च मूल्यवृद्धि, कार्यान्वयनमा आएको ब्यवधान र यथार्थपरक आय अनुमानको आवश्यकताका कारण चालु आर्थिक बर्षको प्रस्तावित आय अनुमान **रु. ९४ करोड २५ लाख** को तुलनामा आगामी वर्षको आय अनुमान **रु. ५ करोड ३३ लाख (५.६५ प्रतिशत)** ले कमी हुन गएको छ ।

चालु आर्थिक वर्षको आन्तरिक राजश्व तर्फको अनुमान **रु. २१ करोड** भएकोमा आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ राजश्वको अनुमान **रु. १७ करोड ८८ लाख ५७ हजार** गरेको छु । **करको दर होइन दायरा विस्तार** भन्ने नीति अनुरुप साविकमा लगाई आएका करका दरहरुलाई बैज्ञानिक र न्यायपूर्ण बनाई राजश्वका नयाँ क्षेत्र पहिचान गरी कर सहुलियतको नीति लिइएको छ । कर, शुल्क तथा दस्तुरलाई व्यवहारिक तुल्याउँदै करका दायराहरु बढाएको छु । आधारभूत करका दरहरुलाई न्यूनिकरण गरी नयाँ क्षेत्रहरु पहिचान गरिएको छ । राजश्व प्रशासन सुधार तथा करदाता शिक्षा अभियानलाई करदातामैत्री बनाई आन्तरिक आय वृद्धि हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम निर्माणका लागि आफ्ना अमूल्य राय, सूझाव र मार्गदर्शन गर्नु हुने नगरप्रमुख तथा सम्पुर्ण जनप्रतिनिधीज्यूहरु, अहोरात्र खट्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, रचनात्मक सुझाव प्रदान गर्नु हुने राजनीतिक दल, संघसंस्था, समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी लगायत आम नगरवासीमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरुको अर्थपूर्ण सहभागिता र सहकार्य हुने विश्वास लिएको छु ।

**धन्यवाद ।**

इन्दिरा चौधरी
(नगर उपप्रमुख)

ईति सम्बत २०८३ साल असार महिनाको १० गते रोज ८ शुभम् ।